श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३० सालको ऐन नं. ७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### आर्थिक वर्ष २०३०।३१ को सेवा र कार्यहरूको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिने र विनियोजन गर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– आर्थिक वर्ष २०३०।३१ को सेवा र कार्यहरूका लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नामः– यस ऐनको नाम "विनियोजन ऐन, २०३०" रहेको छ ।

२. आर्थिक बर्ष २०३०।३१ को निमित्त संचित कोषबाट रूपैयाँ खर्च गर्ने अधिकारः– आर्थिक वर्ष २०३०।३१ को निमित्त अनुसूची १ बमोजिम संचित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची २ को कालम ३ मा र अनुसूची ३ को कालम ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरूका निमित्त अनुसूची २ को कालम ४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

283

मा र अनुसूची ३ को कालम ४ मा निर्दिष्ट गरिएबमोजिम जम्मा रूपैयाँ १,४८,३२,१७,०००।– एक अरब अठ्चालीस करोड बत्तीस लाख सत्र हजार (पेश्की खर्च ऐन २०३० अनुसार खर्च हुने भएको रकम समेत) मा नबढाई त्यतिसम्म रकम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः– यो ऐनद्वारा संचित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक बर्ष २०३०।३१ को निमित्त अनुसूची २ को कालम ३ मा र अनुसूची ३ को कालम ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरूका निमित्त विनियोजन गरिनेछ ।

तर उक्त सेवा र कार्यहरूका निमित्त विनियोजन गरिएको रकम कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आयो भने श्री ५ को सरकारले एक शीर्षकबाट जम्मा रूपैयाँ १०,००,०००।– दश लाखमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न सक्नेछ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८४

## अनुसूची–१

### संविधान अनुसार संचित कोषमाथि व्ययभार हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | संचित कोषमाथि व्ययभार हुने रकम रू. हजारमा |
| १ | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६४,६३ |
| २ | १–२ | राजसभा | ३,११ |
| ३ | १–३ | राष्ट्रिय पञ्चायत | १७,९६ |
| ४ | १–४ | महालेखा परीक्षकको विभाग | १९,३० |
| ५ | १–५ | सर्वोच्च अदालत | १३,८४ |
| ६ | १–६ | लोक सेवा आयोग | १८,६२ |
| ७ | १–७ | निर्वाचन आयोग | २२,०१ |
| ८ | ६–८ | यातायात | १८,०० |
| ९ | ११–१ | साँवा भुक्तानी | २,०२,५७ |
| १० | ११–२ | ब्याज भुक्तानी | २,५७,३७ |
| ११ | १२–६ | अन्य | ५,०० |
| | | | ६,४२,७१ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

## अनुसूची–२

### दफा २ अनुसार संचित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रू. हजारमा |
| १ | १–३ | राष्ट्रिय पञ्चायत | १६,७० |
| २ | २–१ | मन्त्रिपरिषद् | १८,०० |
| ३ | २–२ | श्री ५ को सरकारको सचिवालय | १,१६,८४ |
| ४ | २–३ | जिल्ला प्रशासन | १,३६,६४ |
| ५ | २–४ | प्रहरी | ४,००,२२ |
| ६ | २–५ | कारागार | ६८,६२ |
| ७ | २–६ | विविध | ३२,४२ |
| ८ | २–७ | प्रशासन सुधार | १६,०० |
| ९ | ३–१ | मालपोत | ७८,२३ |
| १० | ३–२ | भन्सार | ४२,५१ |
| ११ | ३–३ | अन्तःशुल्क | २१,३४ |
| १२ | ३–४ | कर | २१,०१ |
| १३ | ३–५ | आय र कर अदालत | १,७१ |
| १४ | ४–१ | योजना | ७,१८ |
| १५ | ४–२ | तथ्यांक | १७,८१ |
| १६ | ४–३ | टक्सार | २४,७४ |
| १७ | ४–४ | महालेखापाल कार्यालय | १३,३६ |
| १८ | ४–५ | मेट्रिक नाप तौल | ६,६८ |
| १९ | ५–१ | अदालत | ७२,७१ |
| २० | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | २,६६ |
| २१ | ६–१ | वैदेशिक सेवा | १,३०,२४ |
| २२ | ६–२ | विविध | ३५,३८ |
| २३ | ७–१ | रक्षा | ८,३१,६५ |
| २४ | ८–१ | शिक्षा | ४,००,३५ |
| २५ | ८–२ | स्वास्थ्य | २,४३,६० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रू. हजारमा |
| २६ | ८–३ | पिउने पानी | १६,९५ |
| २७ | ८–४ | पञ्चायत | १,३४,५५ |
| २८ | ८–५ | अन्य सामाजिक सेवाहरू | १,२४,७६ |
| २९ | ९–१ | कृषि | ७३,१९ |
| ३० | ९–२ | सिंचाई | २१,७८ |
| ३१ | ९–३ | भूमिसुधार | ५१,५१ |
| ३२ | ९–४ | नापी | १७,२९ |
| ३३ | ९–५ | वन | ३८,७६ |
| ३४ | ९–६ | उद्योग तथा खानी | १६,३१ |
| ३५ | ९–७ | सञ्चार | १,३४,१६ |
| ३६ | ९–८ | यातायात | १,६७,०२ |
| ३७ | ९–९ | विद्युत् | ५२,२५ |
| ३८ | ९–१० | अन्य आर्थिक सेवाहरू | ६,९७ |
| ३९ | १०–१ | ऋण र लगानी | १,०९,५५ |
| ४० | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ४५,०० |
| ४१ | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ८७,०० |
| ४२ | १२–३ | अतिथि सत्कार | ३,५० |
| ४३ | १२–४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | १,०० |
| ४४ | १२–५ | मुआबजा | ८,०० |
| ४५ | १२–६ | अन्य | १,१७,०० |
| ४६ | १२–७ | भैपरि आउन | ४,२५,०० |
| | | | ४४,१४,७८ |

महान्यायाधिवक्ताको कार्यालय

## अनुसूची–३

### दफा २ अनुसार संचित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रू. हजारमा |
| १ | २–७ | प्रशासन सुधार | १४,५४ |
| २ | ४–१ | योजना | ५०,०० |
| ३ | ४–२ | तथ्यांक | १८,८८ |
| ४ | ८–१ | शिक्षा | ८,२२,१४ |
| ५ | ८–२ | स्वास्थ्य | ३,६४,२३ |
| ६ | ८–३ | पिउने पानी | २,६५,४४ |
| ७ | ८–४ | पञ्चायत | १,८४,६८ |
| ८ | ८–५ | अन्य समाजिक सेवाहरू | १,१४,३३ |
| ९ | ९–१ | कृषि | १०,७३,३४ |
| १० | ९–२ | सिंचाई | १०,७८,६६ |
| ११ | ९–३ | भूमिसुधार | ३३,०७ |
| १२ | ९–४ | नापी | ६४,२८ |
| १३ | ९–५ | वन | २,१०,४५ |
| १४ | ९–६ | उद्योग तथा खानी | १२,२७,०९ |
| १५ | ९–७ | सञ्चार | १,४२,३९ |
| १६ | ९–८ | यातायात | ३७,७१,६४ |
| १७ | ९–९ | विद्युत् | ७,२८,७६ |
| १८ | ९–१० | अन्य आर्थिक सेवाहरू | १,०४,२२ |
| १९ | १२–६ | अन्य | २८,६५ |
| २० | १२–७ | भैपरि आउने | ६०,०० |
| | | | १,०४,१७,३९ |

लालमोहर सदर मिति–२०३०।५।१५।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

288